गाउँ कार्यपालिकाको
मितिः- २०८३/०१/२१
(बैठक संख्याः- ११-२०८२/०८३)
स्थानः- गाउँपालिकाको सभाहल

आज मिति २०८३ बैशाख २१ गते तदनुसार नेपाल संवत ११४६, बछलागा, तृतिया, सोमबारका दिन दिउँसो ०१:०० बजे बारेकोट गाउँपालिकाका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको दशौं (१०) बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो।

**उपस्थितिः**

| | |
|---|---|
| श्री वीर बहादुर गिरी | अध्यक्ष |
| श्री नर बहादुर गिरी | सदस्य गाउँ कार्यपालिका |
| श्री ऐन बहादुर गिरी | सदस्य, गाउँ कार्यपालिका |
| श्री वीर बहादुर घर्ती | सदस्य, गाउँ कार्यपालिका |
| श्री राम बहादुर सिंह | सदस्य, गाउँ कार्यपालिका |
| श्री विष्णु बहादुर रावत | सदस्य, गाउँ कार्यपालिका |
| श्री गोरख बहादुर थापा | सदस्य, गाउँ कार्यपालिका |
| श्री मान बहादुर चलाउने | (का.व.अ.-६) सदस्य, गाउँ कार्यपालिका |
| श्री विशाल किरण बस्नेत | सदस्य, गाउँ कार्यपालिका |
| श्री योगेन्द्र बहादुर सिंह | सदस्य, गाउँ कार्यपालिका |
| श्री दान बहादुर शाही | सदस्य, गाउँ कार्यपालिका |
| श्री दील बहादुर नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री दिपक नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री कमला कामी | सदस्य, गाउँ कार्यपालिका |
| श्री कल्पना नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री विष्णु वि. क. | सदस्य, गाउँ कार्यपालिका |
| श्री नैनी नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री मोहन प्रकाश गिरी | प्र.प्र.अ. (सदस्य सचिव) |

आमन्त्रितहरुः

| | |
|---|---|
| श्री खिम बहादुर रोकाया | कम्प्युटर अधिकृत (छैटौं) |
| श्री राम बहादुर मल्ल | वरिष्ठ शिक्षा अधिकृत |
| श्री पुरज नेपाली | वरिष्ठ लेखा अधिकृत (सातौं) |

बारेकोट गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

गाउँ कार्यपालिका
मितिः- २०८३/०१/२१

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्याः- ११-२०८२/०८३)

**प्रस्तावहरुः**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।
२. शिक्षा समितिको निर्णयमा आवश्यक छलफल सम्बन्धमा।
३. हाजिरी प्रमाणित सम्बन्धमा।
४. सोलार मिनिग्रिड वडा नं. ५ को लागि लागत साझेदारी सम्बन्धमा।

**निर्णय नं. १**

बारेकोट गाउँपालिकाको यस अघि सम्पन्न कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयनको अवस्था बारे छलफल गरियो।कार्यपालिका निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सवै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

**निर्णय नं.२**

बारेकोट गाउँपालिका अन्तर्गतका सामुदायकि विद्यालयहरुको समायोजन/कक्षा वा तह घटुवा गर्नुपर्ने आवश्यक रहेकोले सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ तथा विद्यालय समायोजन मापदण्ड बमोजिम शिक्षा विकास तथा समन्वय इकाई जाजरकोटको मिति २०८२।०५।०६ गतेको निर्णय र बारेकोट गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०८३।०१।११ गतेको निर्णयानुसार तपसिल अनुसार समायोजन/कक्षा वा तह घटुवा गर्ने।साथै तह घटुवा भएका विद्यालयहरुमा कार्यरत शिक्षक कर्मचारीहरुको हकमा अर्को व्यवस्था नभए सम्मको लागि कामकाजमा नलगाउन शिक्षा शाखा मार्फत सम्बन्धित विद्यालयहरुलाई परिपत्र गर्ने।

तपसिल

| क्र.सं. | विद्यालयको नाम | हाल सञ्चालित कक्षा | समायोजन/ घटुवा | समायोजन भएको विद्यालय | प्रस्तावित कक्षा | आधार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | श्री नेपाल राष्ट्रिय प्रावि सेरी | कक्षा १-५ | घटुवा | | कक्षा १-३ | विद्यार्थी संख्या न्यून | |

गाउँ कार्यपालिकाको निर्णय प्रमाणित

मोहन प्रकाश ...
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गाउँ कार्यपालिका
मिति:- २०८३/०१/२१

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ११-२०८२/०८३)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | श्री लालीगुराँस प्रावि अयनी | कक्षा १-३ | घटुवा | | बालविकास | विद्यार्थी संख्या न्यून/भौगोलिक दुरी कम | |
| ३ | श्री जनज्योती आवि भैंसामारे | कक्षा १-८ | घटुवा | | कक्षा १-५ | भौगोलिक दुरी कम | |
| ४ | श्री शान्ति प्रावि बुढागाउँ | कक्षा १-५ | घटुवा | | कक्षा १-३ | भौगोलिक दुरी कम | |
| ५ | श्री कालिका सामुदायिक बालविकास केन्द्र | बालविकास | समायोजन | श्री नेशनल सामुदायिक बालविकास केन्द्र | | भौगोलिक दुरी कम | |
| ६ | श्री गोरख आवि मौरीभिर | कक्षा १-८ | घटुवा | | कक्षा १-५ | विद्यार्थी संख्या न्यून/भौगोलिक दुरी कम | |
| ७ | श्री कालिका सामुदायिक बालविकास केन्द्र | बालविकास | समायोजन | श्री जनता प्रावि नायकवाडा | | भौगोलिक दुरी कम | |
| ८ | श्री कालिका आवि सिन्चौर | कक्षा १-८ | घटुवा | | कक्षा १-५ | विद्यार्थी संख्या न्यून/भौगोलिक दुरी कम | |
| ९ | श्री भगवती प्रावि तोलखाना | कक्षा १-५ | घटुवा | | कक्षा १-३ | विद्यार्थी संख्या न्यून/भौगोलिक दुरी कम | |
| १० | श्री चन्द्रज्योती प्रावि करुका | कक्षा १-५ | घटुवा | | कक्षा १-३ | विद्यार्थी संख्या न्यून/भौगोलिक दुरी कम | |
| ११ | श्री देउराली प्रावि सिमखारा | कक्षा १-५ | घटुवा | | कक्षा १-३ | विद्यार्थी संख्या न्यून/भौगोलिक दुरी कम | |
| १२ | श्री आदर्श सामुदायिक बालविकास केन्द्र | बालविकास | समायोजन | श्री नौमुली आधारभुत विद्यालय घर्तीगाउँ | ० | भौगोलिक दुरी कम | |
| १३ | श्री नौमुली आवि घर्तीगाउँ | कक्षा १-८ | घटुवा | | कक्षा १-५ | विद्यार्थी संख्या न्यून/भौगोलिक दुरी कम | |
| १४ | श्री देउती बज्यै प्रावि ताँसी | कक्षा १-५ | घटुवा | | कक्षा १-३ | विद्यार्थी संख्या न्यून/भौगोलिक दुरी कम | |

गाउँ कार्यपालिकाको निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिका
मिति:- २०८३/०१/२१

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ११-२०८२/०८३)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | श्री बाल प्रावि लुहाग | कक्षा १-५ | घटुवा | | कक्षा १-३ | भौगोलिक दुरी कम | |
| १६ | श्री राधा प्रावि सिन्तरा | कक्षा १-५ | घटुवा | | कक्षा १-३ | विद्यार्थी संख्या न्यून | |
| १७ | श्री शंकर आवि बन्डाला | कक्षा १-८ | घटुवा | | कक्षा १-५ | भौगोलिक दुरी कम | |
| १८ | श्री कृष्ण प्रावि छुतिपाल्ती | कक्षा १-५ | घटुवा | | कक्षा १-३ | विद्यार्थी संख्या न्यून/भौगोलिक दुरी कम | |
| १९ | श्री जुगेना सामुदायिक बालविकास केन्द्र | बालविकास | हटाउने | | ० | विद्यार्थी संख्या न्यून | |
| २० | श्री बालकल्याण आवि सक्ला | कक्षा १-३ | समायोजन | श्री दीपेन्द्र मावि सक्ला | बालविकास | भौगोलिक दुरी कम | |

**निर्णय नं. ३**

बारेकोट गाउँपालिका र गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु र शाखाहरुमा कार्यरत कर्मचारीहरुले चालु महिनाको त.भ. खानको लागि अघिल्लो महिनाको हाजिर उतार वडाहरुको हकमा वडा सचिव र वडा अध्यक्ष र शाखाहरुको हकमा शाखा प्रमुखले प्रमाणित गरी चालु महिनाको १५ गते सम्म गाउँपालिकामा पठाउनु पर्नेछ। र पालिकामा कार्यरत कर्मचारीहरुको हाजिर उतार प्रशासन शाखाले तयार गरी प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गरी लेखा शाखामा पठाउनु पर्नेछ। यसरी हाजिर उतार नभएमा तलब भुक्तानी नहुने।

**निर्णय नं. ४**

बारेकोट गाउँपालिका वडा ५ स्थित १७० किलो वाट पिक सोलार मिनिग्रिड मिति २०८२।०५।०८ गतेको चट्याङ्ग का कारण क्षति भई विधुत उत्पादन बन्द भएकोले उक्त आयोजनाका विधुतीय उपकरण जडान तथा मर्मत सम्भर गर्नको लागि नेपाल सरकार उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र बारेकोट गाउँपालिकाबीच मिति २०८३।०१।२९ गते भएको दोहोरो सम्झौता बमोजिम वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको लागत साझेदारी हिस्सा ९०% र बारेकोट गाउँपालिकाको लागत साझेदारी हिस्सा १०% व्यहोर्ने भनि उल्लेख भएकोले गाउँपालिकाको तर्फबाट १०% ले हुन आउने रकम रु.४२६४४०.०८ रकम चालु आर्थिक वर्ष २०८२/०८३ को विधुत तथा जलस्रोत (लाइन विस्तार, मर्मत, सामान खरिद) खर्च शिर्षक ३११५३ बाट वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको खातामा जम्मा गरिदिने।

गाउँ कार्यपालिकाको निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत